बैठक संख्या (१२)

आज मिति २०८२/०१/०८ गतेका दिन यस शिवनाथ गाउँपालिका, गाउँ कार्यपालिकाको बैठक कार्यपालिकाका अध्यक्ष श्री कर्ण सिह साउदज्यूको अध्यक्षतामा बैठक बसी तपसिलको उपस्थितिमा देहाय बमोजिमका निर्णयहरु गरियो ।

<u>उपस्थिती:-</u>

(गाउँपालिका अध्यक्ष) श्री कर्ण सिह साउद

(गाउँपालिका उपाध्यक्ष) श्री सकुन्तला साउद

(वडा अध्यक्ष) श्री बलदेव सिह चाड

(वडा अध्यक्ष) श्री सुरेन्द्र सिह साउद

(वडा अध्यक्ष) श्री केशव दत्त कलौनी

(वडा अध्यक्ष) श्री धन बहादुर महता

(वडा अध्यक्ष) श्री केशव चन्द

(वडा अध्यक्ष) श्री भरत राम पार्की

(का.पा.सदस्य) श्री धनमती साउद

(का.पा.सदस्य) श्री बिमला पार्की

(का.पा.सदस्य) श्री संगिता आउजी

(का.पा.सदस्य) श्री लक्षिमा कुमारी साउद

(का.पा.सदस्य) श्री राजेन्द्र राम दयाल

(का.पा.सदस्य) श्री प्रताप राम तिर्वा

(सदस्य सचिव) श्री नरेन्द्र सिह महता

<u>कार्यपालिका सहयोगी कर्मचारी:-</u>

श्री महेश सिह महता (सुचना प्रविधि अधिकृत)

CamScanner

प्रस्तावहरुः-

१. नियमित बैठकको समिक्षा सम्बन्धमा ।
२. पालिका स्तरीय भूमि सहजीकरण समिति गठन सम्बन्धमा ।
३. वडा स्तरीय भूमि सहजीकरण समिति गठन सम्बन्धमा ।
४. पालिका स्तरीय भूमि शाखा गठन र व्यवस्थापन सम्बन्धमा ।
५. सूचना प्रकाशन सम्बन्धमा ।
६. १० शैय्या अस्पताल निर्माणको सम्झौता अवधी थप सम्बन्धमा ।

निर्णय नं. (१) माथि छलफल गर्दा यस शिवनाथ गाउँपालिकाको अघिल्लो कार्यपालिकाका बैठकहरुमाथि आवश्यक समिक्षा गरियो ।

निर्णय नं. (२) माथि छलफल गर्दा यस शिवनाथ गाउँपालिकामा तपसिल बमोजिमको पालिका स्तरीय भूमि सहजीकरण समिति गठन गर्ने निर्णय गरियो ।

तपसिलः-

| | | |
|---|---|---|
| १. | कर्ण सिह साउद | - संयोजक |
| २. | सकुन्तला साउद | - उपसंयोजक |
| ३. | नेपाली कंग्रेस प्रतिनिधि एक जना | -सदस्य |
| ४. | नेकपा एमाले प्रतिनिधि एक जना | - सदस्य |
| ५. | नेकपा माववादी केन्द्र प्रतिनिधि एक जना | - सदस्य |
| ६. | रा.प्र.पा. प्रतिनिधि एक जना | - सदस्य |
| ७. | धनमती साउद | -महिला सदस्य |
| ८. | राजेन्द्र राम दयाल | -कार्यापालिका सदस्य |
| ९. | स्थानीय तहमा क्रियाशिल किसान, सुकुम्बासी, भूमि बसोवास लगायतका क्षेत्रमा क्रियाशील संघसंस्था, नागरिक सगठनको तर्फाबाट समितिले मनोनित गरेका कम्तिमा एक महिला, एक दलित हुनेगरी ३ जना | — सदस्य |
| १०. | नरेन्द्र सिह महता | - सदस्य सचिव |

निर्णय नं. (३) माथि छलफल गर्दा यस शिवनाथ गाउँपालिका अन्तर्गतका वडाहरुले आजको मितिदेखि ७ दिनभित्र वडा स्तरीय स्थानीय सहजीकरण समिति गठन गरी क्रियाशिल हुने निर्णय गरियो ।

निर्णय नं. (४) माथि छलफल गर्दा यस शिवनाथ गाउँपालिकामा भुमि शाखाको जिम्मेवारी कृषि अधिकृत श्री ज्योती नायकलाई दिने निर्णय गरियो ।

निर्णय नं. (५) माथि छलफल गर्दा लगत संकलन क्रममा देखिएको प्रक्रियागत अष्पस्टताका कारण भुमिहिन दलित, भुमिहिन सुकुम्बासी र अव्यवस्थित बसोबासीको लगत केही छुट हुन आएको गुनासो आएकोले एक

नरेन्द्र सिंह महता
प्रमुख प्रशासकीय अधिकृत

नरेन्द्र सिंह महता
(प्रमुख प्रशासकीय अधिकृत

CamScanner

पटकका लागि पुनः सुचना गर्न भुमि समस्या समाधान आयोग केन्द्रिय कार्यालय, [illegible]लाई पत्राचार गर्ने निर्णय गरियो ।

निर्णय नं. (६) माथि छलफल गर्दा यस शिवनाथ गाउँपालिकामा निर्माणाधिन दश शैय्या अस्पतालको निर्माण कम्पनी श्री के.एस.मित्र.जे.भी. महेन्द्रनगर, कञ्चनपूरसंग मिति २०७८/०१/२० मा भएको सम्झौता बमोजिम दोस्रो पटकको सम्झौता म्याद थप निर्णय अनुसार निर्माण अवधी मिति २०८२/०१/२० कायम गरिएकोमा अस्पताल निर्माणका लागि आवश्यक बजेट निकासा नभएको, स्थानीय निर्माण सामाग्रीको अभाव, वालुवा संकलनको लागि असहज भएको एवं निर्माण कामदार अभावको कारण देखाई सम्बन्धित निर्माण व्यवसायीवाट म्याद थपका लागि निवेदन पेश भएकाले उक्त निवेदन माथि आवश्यक अध्ययन गर्दा मौजुदा सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५६ तथा ऐ.ऐ. नियमावली २०६४ को नियम १२० (१३औं संशोधन सहित) मा भएको व्यवस्था बमोजिम ठेक्का म्याद थप गर्न सकिने व्यवस्था रहेको हुँदा सम्झौता शर्तहरु बमोजिम सम्बन्धित निर्माण व्यावसायीवाट आवश्यक कागजातहरु पेश गर्न लगाई तेस्रो पटकका लागि ६ महिना म्याद थप गरी काम सञ्चालन गर्ने निर्णय सर्व सहमतिले पारित गरियो ।

शिवनाथ गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
शिवनाथ, बैतडी
सुदूरपश्चिम प्रदेश, नेपाल
२०७३

नरेन्द्र सिंह महता
प्रमुख प्रशासकीय अधिकृत